# रैनादेवी छहरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
५ नं. प्रदेश, नेपाल
छहरा, पाल्पा

☎ ०७५- ६९१०२५
०७५- ६९२३४३


च.नं.
प.स.२०७७/२०७८

मिति २०७७।०४।१६

## प्रेस विज्ञप्ती

न्युज २४ टेलिभजनको Power News कार्यक्रम मार्फत मिति २०७७।०४।१४ मा प्रशारित समाचार मा "चौपारी–राउतटोला–भुल्लापोखरा मो.बा." योजनामा यस गाउँपालिकाका कार्यपालिका सदस्य गोपाल दमाई वडागत अनुगमन समितिको सदस्यको रुपमा रही निजको नाममा किर्ते हस्ताक्षर गरी कागजात तयार गरी गाउँपालिकामा कागजात पेश गरेको भन्ने समाचारको सन्दर्भमा यस गाउँपालिकामा गम्भिर ध्यानाकर्षण भएको छ। किर्ते हस्ताक्षर सम्बन्धमा उजुरी प्राप्त भैसके पश्चात गाउँकार्यपालिकाको मिति २०७७।०४।०७ को बैठकको निर्णय अनुसार सत्यतथ्य पत्ता लगाउनका लागि गाउँपालिकाका प्रवक्ता श्री विष्णु प्रसाद पोखरेलको संयोजकत्वमा ३ सदस्यीय छानविन समिति गठन भएको छ। उक्त समितिले छानविन पश्चात सत्थतथ्य पत्ता लगाई सरोकारवालाहरु समक्ष प्रतिवेदन पेश गर्ने नै छ। उक्त समाचारमा वडा कार्यालयले नक्कली अनुगमन समिति गठन गरेको तथा गाउँपालिकाले आयोजनाको कार्यसम्पन्न प्रतिवेदन तयार गरेको र भुक्तानीका लागि फाइल पेश गरेको भन्ने विषय सत्य होइन। यस्तै किर्ते गरि अन्य भ्षटाचार भएको हुनुपर्ने समाचार निराधार हो किनकि सो योजनामा समेत प्राविधिक मुल्याङ्कन तथा अनुगमन गर्दा केही मात्र काम भएको देखिन आएकाले भुक्तानी रोकिन गएको ब्यहोरा यथार्थ हो। अन्य आयोजना सञ्चालन गर्दा समेत सोहि प्रक्रिया अवलम्बन गरिने व्यहोरा सर्वविदितै छ। उपभोक्ता समितिबाट हुनसक्ने यस्ता खराब तथा गैरकानुनी काम रोक्न गाउँपालिकाले प्रशासनिक ,आर्थिक र प्राविधिक नियन्त्रण गर्न हरसम्भव प्रयास गरेकै छ। साथै यस्ता गतिविधि रोक्न गाउँकार्यपालिका र सो मातहतका सम्पुर्ण संयन्त्र सदैव क्रियाशील रहेको ब्यहोरा स्मरण गराउन चाहन्छु।

विष्णु पोखरेल
(प्रवक्ता)
रैनादेवी छहरा गाउँपालिका
छहरा, पाल्पा।